१. **विसं २०८२ चैत २२ को प्रतिनिधि सभा बैठकद्वारा सभामुखमा पदमा कसलाई चयन गरियो ?**

✍ डोलप्रसाद (डिपी) अर्याल

- अन्य दलबाट कुनै उम्मेदवारी नपरेपछि उहाँ उक्त पदमा निर्विरोध निर्वाचित हुनुभएको हो ।
- १० औँ सभामुखको रूपमा निर्वाचित अर्याललाई राष्ट्रपति रामचन्द्र पौडेलद्वारा राष्ट्रपति भवन शीतल निवासमा पद तथा गोपनीयताको शपथ गराइएको हो ।
- काठमाडौँ निर्वाचन क्षेत्र नम्बर–९ बाट सांसद निर्वाचित अर्यालले यसअघि नेपाल सरकारको 'श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री' को जिम्मेवारीसमेत समाल्नु भएको थियो ।
- **पहिलो सभामुख** : कृष्णप्रसाद भट्टराई
- **पहिलो महिला सभामुख** : ओनसरी घर्तीमगर

| | |
|---|---|
| १. कृष्णप्रसाद भट्टराई (विसं २०१५) | २. दमननाथ ढुङ्गाना (विसं २०४८) |
| ३. रामचन्द्र पौडेल (विसं २०५१) | ४. तारानाथ रानाभाट (विसं २०५६) |
| ५. सुवास नेम्वाङ (विसं २०६३, २०६५, २०७०) | ६. ओनसरी घर्ती (विसं २०७२) |
| ७. कृष्णबहादुर महरा (विसं २०७४) | ८. अग्निप्रसाद सापकोटा (विसं २०७५) |
| ९. देवराज घिमिरे (विसं २०७९) | १०. डोलप्रसाद (डिपी) अर्याल (विसं २०८२) |

२. **हालै नासाले चन्द्रमाको परिक्रमा गर्ने उद्देश्यका साथ अन्तरिक्षयात्रीसहित पठाएको ऐतिहासिक मिसनको नाम के हो ?**

✍ आर्टेमिस–२

- सन् २०२६ अप्रिल १ मा फ्लोरिडास्थित केनेडी स्पेस सेन्टरबाट प्रक्षेपण गरिएको हो।
- यस मिसनका चार जना यात्रीमध्ये क्रिस्टिना कोच चन्द्रमाको कक्षमा पुग्ने पहिलो महिला र भिक्टर ग्लोभर पहिलो अश्वेत अन्तरिक्षयात्री हुन्।
- यात्रीहरूले चन्द्रमामा पाइला टेक्ने छैनन्। उनीहरूले यानमार्फत चन्द्रमाको नजिकबाट परिक्रमा गर्ने छन् र १० दिने यात्रापछि पृथ्वी फर्कने छन्।
- ५० वर्षपछिको यो पहिलो मानवसहितको चन्द्र–उडानद्वारा आगामी मिसन (आर्टेमिस–३) मार्फत मानिसलाई सुरक्षित रूपमा चन्द्रमामा उतार्नुअघि प्रविधिको परीक्षण गरिने जनाइएको छ।

३. **वानीरा प्रज्ञा पुरस्कार २०८२ कसलाई प्रदान गरियो ?**

✍ कवि तथा गीतकार माधव खनाल 'भावुक'

- यसै गरी, कम्प्युटर वैज्ञानिक मुनि शाक्यलाई 'वानीरा शङ्कर पुरस्कार' प्रदान गरिएको छ।
- दुवै पुरस्कारको राशि जनही एक/एक लाख रुपियाँ रहेको छ।
- आख्यान, कविता र हास्यव्यङ्ग्य लेखनमा समर्पित चितवनका धनराज गिरीलाई पचास हजार रुपियाँ राशिसहित 'वानीरा पुरस्कार' बाट सम्मान गरिएको हो।
- त्यसै गरी किशोरावस्थादेखि नै समाज सेवामा समर्पित काठमाडौँका सरोज ढकाललाई 'वानीरा सेवा सम्मान' प्रदान गरिएको छ।
- नेपाली साहित्य जगत्की प्रतिभा डा. वानीरा गिरीको सम्झनामा यी पुरस्कार स्थापना गरिएको हो।

४. **काठमाडौं महानगरपालिकाद्वारा साझा यातायातसँगको सहकार्यमा रात्रिकालीन सार्वजनिक यातायात सेवा कहिलेदेखि सञ्चालन गर्ने निर्णय भएको छ ?**

✍ विसं २०८३ वैशाख १

- यस सेवा अन्तर्गत हाल एउटा रुट ललितपुरको लगनखेलदेखि पाटन अस्पताल, अल्का, नर्भिक, प्रसूति गृह, ट्रमा सेन्टर, वीर अस्पताल, कान्ति अस्पताल, टिचिङ अस्पताल, गङ्गालाल हृदय केन्द्र हुँदै बुढानीलकण्ठसम्म हुने छ । त्यस्तै अर्को रुट थानकोटदेखि सतुङगल, कलङ्की, कालीमाटी, त्रिपुरेश्वर, थापाथली, माइतीघर मण्डला, बानेश्वर, मीनभवन, तीनकुने हुँदै अन्तर्राष्ट्रिय विमानस्थलसम्म रहेको छ।
- यी दुई रुटमा चार वटा रात्रिकालीन विद्युतीय बस सञ्चालन हुने महानगरपालिकाले जनाएको छ । साँझ ८ बजेदेखि राति ११ बजेसम्म सञ्चालन हुने बसमा सिसिटिभी क्यामरा जडान हुने छन् । सुरक्षाका लागि नगर प्रहरी हुने छन् ।

५. **आख्यानकार परशु प्रधानको स्मृतिमा स्थापित 'परशु–कल्पना स्रष्टा सम्मान, २०८२' कसलाई प्रदान गरियो ?**

✍ वरिष्ठ गीतकार किरण खरेल

- नेपाल स्रष्टा समाजद्वारा आयोजित विशेष कार्यक्रममा वरिष्ठ समालोचक प्राडा दयाराम श्रेष्ठद्वारा गीतकार खरेललाई सम्मानपत्रका साथ नगद राशि एक लाख १११ रुपियाँ प्रदान गरिएको छ ।
- सम्मानित स्रष्टा खरेलको पहिलो गीत 'ए दूरका सितारा मेरो चाँदनी कहाँ छ...' २०१४ सालमा रेकर्ड भएको थियो साथै हिमालको काखमा छ सानो मेरो गाउँ..., तिमीले चुमेका पाइला..., उसको मायाले मार्‍यो..., यो मौसम यो हरियाली..., नमान लाज यस्तरी..., वसन्त नै बस्न... लगायत सात सयभन्दा बढी गीत उहाँले सिर्जना गर्नुभएको हो ।

**६. सरकारले नागढुङ्गा सुरुङमार्ग सञ्चालन तथा व्यवस्थानको जिम्मा कुन कम्पनीलाई दिने भएको छ ?**

✍ युसिन–एआरटी जेभी (चिनियाँ कम्पनी)

- सुरुङमार्ग सञ्चालन तथा व्यवस्थापनका लागि गत कात्तिक १६ गते ठेक्का आह्वान भएको थियो । १० कम्पनीले टेन्डर दिएकामा युसिन–एआरटी जेभीले सबैभन्दा कम रकममा ठेक्का प्रस्ताव गरेको थियो ।
- सो सुरुङमार्ग विसं २०८३ वैशाख अन्तिममा परीक्षण तथा साउन पहिलो सातादेखि व्यावसायिक सञ्चालन हुने जनाइएको छ ।

**७. नेपालमा कृषि तथा पशु बिमाको सुरुवात कहिलेदेखि भएको हो ?**

✍ विसं २०६९ माघ

**८. प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको पदमा नियुक्तिका लागि आवश्यक पर्ने न्यूनतम शैक्षिक योग्यता कति हो ?**

✍ स्नातक तह

**९. सर्वप्रथम सुशासन शब्दको आधिकारिक प्रयोग कहिले गरिएको हो ?**

✍ सन् १९८९ (विश्व बैङ्कद्वारा)

- विश्वमा पहिलोपल्ट विश्व बैङ्कद्वारा प्रस्तुत
  सन् १९८९ को 'सब–सहारन अफ्रिका : फ्रम क्राइसिस टु सस्टेनेबल ग्रोथ' प्रतिवेदनले अफ्रिकाको विकास नहुनुको मुख्य कारण 'शासन व्यवस्थाको कमजोरी' लाई

मानेको छ । सन् १९९० को दशकबाट दिगो विकास र गरिबी न्यूनीकरणको अनिवार्य सर्तको रूपमा सुशासनको अवधारणाको उदय भएको हो ।

- सन् १९९२ को विश्व बैङ्ककै अर्को प्रतिवेदन 'गभर्नेन्स एन्ड डेभलपमेन्ट' मार्फत सुशासनका मुख्य तत्त्व जस्तै : पारदर्शिता, उत्तरदायित्व आदि स्थापित भएको छ ।
- **विश्वव्यापी मान्यताः** सन् १९९५ को 'सामाजिक विकाससम्बन्धी विश्व सम्मेलन' ले सुशासनलाई प्रजातान्त्रिक र मानवकेन्द्रित दिगो विकासको आधारशिलाको रूपमा घोषणा गरेको छ ।
- **मुख्य उद्देश्य** : शासन व्यवस्थामा सुधार ल्याई जनतालाई उपलब्ध गराउने सेवा प्रवाहमा गुणस्तरीयता, पारदर्शिता र प्रभावकारिता बढाउनु हो ।

**१०. विसं २०८२ को माध्यमिक शिक्षा परीक्षा** (एसइई) **मा सहभागी हुने विद्यार्थी सङ्ख्या कति रहेको छ ?**

✍ पाँच लाख १२ हजार ४२१

- **नियमिततर्फ** : चार लाख ४१ हजार ५६६ र ग्रेड वृद्धितर्फ : ७० हजार ८५५ विद्यार्थी ।
- **परीक्षा सञ्चालन मिति** : विसं २०८२ चैत १९–२९
- **परीक्षा केन्द्र** : १,९६६ (जापानमा एकसमेत गरी) ।
- राष्ट्रिय परीक्षा बोर्डले यस पटक एसइईको उत्तरपुस्तिका परीक्षण सम्बन्धित परीक्षा केन्द्रबाटै गरेको छ ।

**११. सरकारले राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा कसलाई नियुक्त गऱ्यो ?**

✍ डा. गुणाकर भट्ट

- **नियुक्त मिति** : विसं २०८२ चैत २४ ।

**१२. कुन पुरस्कारलाई वैकल्पिक नोबेल पुरस्कार भनी चिनिन्छ ?**

✍ राइट लिभ्लिहुड पुरस्कार

**१३. अपरेसन नाइटिङ्गेल भन्नाले के बुझिन्छ ?**

✍ प्राकृतिक प्रकोपबाट पीडित जनतालाई चिकित्सकीय सेवा उपलब्ध गराउन स्थायी रूपमा सञ्चालित कार्यक्रम ।

**१४. सर्वोच्च अदालतको कायममुकायम प्रधान न्यायाधीशमा कसलाई नियुक्त गरियो ?**

✍ सपना प्रधान मल्ल (विसं २०८२ चैत १८)

- प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत ६५ बर्से उमेर हदका



कारण अवकाश भएपछि वरिष्ठतम न्यायाधीश मल्लले कामु प्रधान न्यायाधीशको रूपमा जिम्मेवारी समाल्नु भएको हो ।

- उहाँ विसं २०७३ साउन १७ मा सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त हुनुभएको थियो ।
- नेपाल ल क्याम्पसबाट कानुनमा स्नातक गरेकी मल्लले दिल्ली विश्वविद्यालयमा कानुनमै स्नातकोत्तर तथा अमेरिकाको हार्वर्डबाट जनप्रशासनमा स्नातकोत्तर गर्नुभएको छ ।


**१५. सरकारले हप्ताको दुई दिन सार्वजनिक बिदा दिने निर्णय कहिले गरेको हो ?**

✍ विसं २०८२ चैत २२

- सरकारले हप्ताको दुई दिन (शनिबार र आइतबार) सार्वजनिक बिदा दिने निर्णय गरेको हो ।
- कार्यालय समय बिहान नौ बजेदेखि बेलुका ५ बजेसम्म कायम गरिएको छ ।
- सार्वजनिक बिदाका दुई दिन सबै सरकारी कार्यालय र शैक्षिक संस्था बन्द रहने छन् ।

**१६. नेपाल टेलिकमले ग्राहक सेवामा सुधार गर्ने उद्देश्यले रोबोट प्रविधिको सुरुवात कहिले गरेको हो ?**

✍ विसं २०८१ मङ्सिर २




- सुन्धारास्थित टेलिकमको कार्यालयमा 'एआई ज्याक' नामक रोबोट सेवा सञ्चालन गरिएको हो।
- सामान्य सोधपुछदेखि एनटिसी सेवाका थुप्रै प्रश्नको उत्तर ग्राहकले रोबोटमार्फत पाउन (सुन्न) सक्ने छ।
- रोबोटमा अङ्ग्रेजी र नेपाली भाषाबाट सेवाको व्यवस्था मिलाइएको छ।

**१७. विमानमा जडित बल्याक बक्सको रङ कस्तो हुन्छ ?**

✍ सुन्तला रङ

१८. **साना तथा मझौला उद्यम विकास केन्द्रको स्थापना कहिले गरिएको हो ?**

✍ विसं २०८१ मङ्सिर ३

१९. **'सपना कतिपय' नामक कथाकृतिका सर्जक को हुनुहुन्छ ?**

✍ कुमार काफ्ले (विपना कतिपय कृतिका सर्जक : इन्द्रबहादुर राई)

२०. **प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचनमा कस्तो निर्वाचन प्रणाली अपनाउने व्यवस्था छ ?**

✍ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली

२१. **सरकारको मुख्य कानुनी सल्लाहकारको भूमिकामा रहने महान्यायाधिवक्ता पदमा कसलाई नियुक्त गरियो ?**

✍ डा. नारायणदत्त कँडेल

- **नियुक्त मिति** : विसं २०८२ चैत २२
- प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त ।
- **प्रथम महान्यायाधिवक्ता** : कालीप्रसाद उपाध्याय (विसं २००८ पुस ८)
- **पहिलो महिला महान्यायाधिवक्ता** : सविता भण्डारी बराल (विसं २०८२ भदौ २९)

**प्रस्तुतकर्ता : टङ्क केसी**

१. **कार्बन फुटप्रिन्ट भनेको के हो ? यसको मापन किन महत्त्वपूर्ण मानिन्छ ? कार्बन फुटप्रिन्ट घटाउने उपाय उल्लेख गर्नुहोस् ।**

कुनै व्यक्ति वा संस्थाका क्रियाकलापबाट उत्सर्जन हुने हरितगृह ग्यास (कार्बन डाइअक्साइड, मिथेन, नाइट्रस अक्साइड आदि) को कुल परिमाणलाई कार्बन फुटप्रिन्ट भनिन्छ । कुनै व्यक्तिको कार्बन फुटप्रिन्टले व्यक्तिका दैनन्दिन क्रियाकलापबाट उत्सर्जन हुने हरित ग्यासको कुल परिमाणलाई बुझाउँछ । कार्बन फुटप्रिन्टले कुनै व्यक्ति वा संस्थाका क्रियाकलापले जलवायु परिवर्तनमा पुऱ्याउन सक्ने असरको मापन गर्न सहयोग गर्छ । जीवाश्म इन्धनको प्रयोग, खाद्यवस्तुको उपभोग, वस्तु तथा सेवाको उत्पादनलगायतका कार्यबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हरितगृह ग्यास उत्सर्जन हुने गर्छ । व्यक्ति वा संस्थाहरूले आफ्नो कार्बन फुटप्रिन्ट घटाएर जलवायु परिवर्तनका असरहरू न्यूनीकरण गर्न सक्छन् । कार्बन फुटप्रिन्टको मापन देहायका कारणले महत्त्वपूर्ण मानिन्छ :

- जलवायु परिवर्तनमा योगदान गर्ने मानवीय क्रियाकलापबारे जानकारी प्राप्त गर्न,
- जलवायु परिवर्तन नियन्त्रणका लागि उपयुक्त नीतिगत तथा व्यावहारिक उपाय तय गर्न,
- कार्बन करको अवधारणा कार्यान्वयन गर्न,
- वातावरण संरक्षणसम्बन्धी कार्यक्रम लागु गर्न,
- वातावरण र विकासबिच सन्तुलन कायम गर्दै दिगो विकासको आधार तयार पार्न,
- व्यक्ति वा संस्थालाई वातावरण संरक्षण तथा जलवायु परिवर्तन नियन्त्रण कार्यमा जिम्मेवार बनाउन,
- व्यक्ति वा संस्थाले कार्बन उत्सर्जन न्यूनीकरणमा गरेको प्रयासको अनुगमन गर्न ।

कार्बन फुटप्रिन्ट घटाउने उपाय

- वैकल्पिक ऊर्जाको प्रयोग गर्ने,

- वैकल्पिक ऊर्जाको प्रयोग गर्ने,
- विद्युतीय सवारीसाधन वा साइकलको प्रयोगमा जोड दिने,
- जीवाश्म इन्धनको प्रयोग कम गर्दै लैजाने,
- सार्वजनिक यातायातलाई भरपर्दो र व्यवस्थित बनाई निजी सवारीसाधनको प्रयोग कम गर्दै लैजाने,
- आगलागी तथा वन डढेलो नियन्त्रण गर्ने,
- मासुजन्य खाद्य पदार्थको उपभोग कम गर्ने,
- ऊर्जा किफायती प्रविधिको विकास र प्रयोगमा जोड दिने,
- कार्बन उत्सर्जन कम हुने गरी फोहोरमैला व्यवस्थापन गर्ने,
- वृक्षरोपण गर्ने तथा वन विनाश नियन्त्रण गर्ने,
- कार्बन करको अवधारणा लागु गर्ने,
- व्यक्तिगत र सामूहिक सचेतना फैलाउने।
- अन्त्यमा कार्बन फुटप्रिन्ट कुनै व्यक्ति वा संस्थाबाट हुने व्यक्तिगत वा व्यावसायिक गतिविधिबाट उत्सर्जन हुने हरितगृह ग्यासको कुल परिमाण हो । यसको मापनबाट कार्बन उत्सर्जनका स्रोत पहिचान गर्न, जलवायु परिवर्तन नियन्त्रणका लागि प्रभावकारी नीति तथा व्यावहारिक उपाय अवलम्बन गर्न, वातावरण संरक्षणका कार्यक्रम तर्जुमा गर्न तथा दिगो विकासको आधार तयार गर्न सहयोग पुग्छ। यसले व्यक्ति तथा संस्थालाई वातावरणप्रति जिम्मेवार बनाउँदै हरित अर्थतन्त्रतर्फ उन्मुख गराउँछ । वैकल्पिक ऊर्जाको प्रयोग, ऊर्जा दक्षता वृद्धि, सार्वजनिक यातायातको प्रवर्धन, वन संरक्षण तथा जनचेतना विस्तार जस्ता उपाय अपनाई कार्बन फुटप्रिन्ट घटाउनु आजको आवश्यकता हो।

**२. बोलपत्र मूल्याङ्कन समितिको गठनसम्बन्धी कानुनी व्यवस्था उल्लेख गर्दै बोलपत्रको पूर्णताको परीक्षण गर्दा बोलपत्र मूल्याङ्कन समितिले परीक्षण गर्नुपर्ने विषय उल्लेख गर्नुहोस् । कस्तो अवस्थामा बोलपत्र अस्वीकृत वा खरिद कारबाही रद्द गरिन्छ ? स्पष्ट पार्नुहोस्।**

✍ सार्वजनिक खरिद ऐनको दफा ७१ मा बोलपत्र मूल्याङ्कनका लागि मूल्याङ्कन समिति गठन गर्नुपर्ने व्यवस्था उल्लेख छ। सार्वजनिक खरिद नियमावलीको नियम १४७ बमोजिम बोलपत्र मूल्याङ्कन समितिको गठन देहाय अनुसार हुन्छ :

गठन देहाय अनुसार हुन्छ :

क) सार्वजनिक निकायका प्रमुख वा निजले तोकेको वरिष्ठ अधिकृत -सम्भव भएसम्म प्राविधिक कर्मचारी) – अध्यक्ष

ख) सम्बन्धित सार्वजनिक निकायको आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

ग) विषयसँग सम्बन्धित विषय प्राविधिक विशेषज्ञ -सम्भव भएसम्म अधिकृतस्तर) – सदस्य

घ) सार्वजनिक निकायमा कानुन अधिकृतको दरबन्दी रहेको भए सो सार्वजनिक निकायको कानुन अधिकृत – सदस्य

- खरिद एकाइको प्रमुख समितिको सचिवको भूमिकामा रहन्छन् । सचिवले समितिको बैठकको माइन्युट तयार गरी राख्नु पर्छ र समितिमा छलफल भएका सम्पूर्ण विषयको फाइल खडा गरी राख्नु पर्छ । समितिले सार्वजनिक निकायका प्रमुख समक्ष मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्छ।
- **बोलपत्रको पूर्णताको परीक्षण गर्दा परीक्षण हुने विषयहरु :**
- बोलपत्रको परीक्षणको क्रममा बोलपत्रको पूर्णताको परीक्षण गरिन्छ । बोलपत्रसम्बन्धी कागजातमा बोलपत्रदातालाई दिएको निर्देशनबमोजिम बोलपत्र पूर्ण भए वा नभएको सम्बन्धमा बोलपत्र समितिले देहायका विषय परीक्षण गर्नु पर्छ :
- बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधि वा स्थानीय एजेन्टलाई दिएको अख्तियारनामाको कागजात पेस भए वा नभएको,
- संयुक्त उपक्रमसम्बन्धी सम्झौता आवश्यक भए सो पेस भए वा नभएको,
- बोलपत्रदाताको र निजले उल्लेख गरेको मालसामानको ग्राह्यता प्रमाणित गर्ने कागजात पेस भए वा नभएको,
- बोलपत्रदाताको योग्यतासम्बन्धी आवश्यक कागजात पेस भए वा नभएको,

प्रतिवेदन पेश गर्नु पर्छ।

- **बोलपत्रको पूर्णताको परीक्षण गर्दा परीक्षण हुने विषयहरु :**
- बोलपत्रको परीक्षणको क्रममा बोलपत्रको पूर्णताको परीक्षण गरिन्छ । बोलपत्रसम्बन्धी कागजातमा बोलपत्रदातालाई दिएको निर्देशनबमोजिम बोलपत्र पूर्ण भए वा नभएको सम्बन्धमा बोलपत्र समितिले देहायका विषय परीक्षण गर्नु पर्छ :
- बोलपत्रदाताको अधिकार प्राप्त प्रतिनिधि वा स्थानीय एजेन्टलाई दिएको अख्तियारनामाको कागजात पेस भए वा नभएको,
- संयुक्त उपक्रमसम्बन्धी सम्झौता आवश्यक भए सो पेस भए वा नभएको,
- बोलपत्रदाताको र निजले उल्लेख गरेको मालसामानको ग्राह्यता प्रमाणित गर्ने कागजात पेस भए वा नभएको,
- बोलपत्रदाताको योग्यतासम्बन्धी आवश्यक कागजात पेस भए वा नभएको,
- बोलपत्रसम्बन्धी कागजातबमोजिम दर विश्लेषण पेस गर्नुपर्ने भए त्यस्तो दर विश्लेषण पेस भए वा नभएको,
- बोलपत्रदाता व्यक्तिगत रूपमा वा संयुक्त उपक्रमको साझेदारको रूपमा एकभन्दा बढी बोलपत्रमा संलग्न भए वा नभएको,
- बोलपत्रदाता कानुनबमोजिम खरिद कारबाहीमा भाग लिन अयोग्य भए वा नभएको,
- सम्बन्धित सार्वजनिक निकाय वा सार्वजनिक निकायले तोकेको अन्य निकायबाट बिक्री भएको बोलपत्रसम्बन्धी कागजातमा बोलपत्र पेस भए नभएको,

- सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैँले खरिद गरेको बोलपत्रसम्बन्धी कागजात भरी पेस गरे वा नगरेको ।

**बोलपत्र अस्वीकृत वा खरिद कारबाही रद्द गर्ने अवस्था :**

**देहायको अवस्थामा सार्वजनिक निकायले सम्पूर्ण बोलपत्र अस्वीकृत गर्न वा खरिद कारबाही रद्द गर्न सक्ने छ :**

- कुनै पनि बोलपत्र बोलपत्रसम्बन्धी कागजातमा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र सोही कागजातमा संलग्न खरिद सम्झौताका सर्त अनुरूप सारभूत रूपमा प्रभावग्राही नभएमा,
- तोकिएको अवधि र तोकिएबमोजिमको प्रक्रिया अपनाउँदा समेत बोलपत्रदातासँग सम्झौता हुन नसकेमा,
- न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रको बोल अङ्क लागत अनुमानभन्दा सारभूतरूपमा बढी भएमा वा
- माग गरिएको मालसामान, निर्माण कार्य, परामर्श सेवा वा अन्य सेवा आवश्यक नभएमा ।
- अन्त्यमा बोलपत्रको मूल्याङ्कन बोलपत्रको माध्यमबाट हुने खरिद कार्यको एक महत्त्वपूर्ण चरण हो । बोलपत्र मूल्याङ्कनका लागि सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यवस्था भएबमोजिम प्राविधिक, प्रशासनिक एवं कानुनी पृष्ठभूमिका कर्मचारीसहितको समिति गठन गरिन्छ । बोलपत्रको ग्राह्यता र योग्यता परीक्षण गरी सफल भएका बोलपत्रहरू मात्र मूल्याङ्कनको अघिल्लो चरणमा समावेश गरिन्छ । न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र छनोट गरी स्वीकृतिका लागि सार्वजनिक निकाय समक्ष सिफारिस गर्नेसम्मका कार्य मूल्याङ्कन समितिबाट हुने भएकाले समितिले जिम्मेवार र जवाफदेही ढङ्गले आफ्नो अधिकार प्रयोग गर्नु पर्छ ।

३. **नेपालले सङ्घीय शासन प्रणालीमा न्यायपालिकाको संरचना र स्वरूप के कस्तो रहेको छ ? उल्लेख गर्दै संवैधानिक इजलासले हेर्ने मुद्दाको प्रकृतिबारे जानकारी गराउनुहोस् ।**

✍ नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको संरचना सहितको सङ्घीय शासन प्रणालीको व्यवस्था गरेको छ । यी तीन तहको क्षेत्राधिकार संविधानको अनुसूचीमा उल्लेख गरिएको छ । क्षेत्राधिकारको प्रयोगका लागि विधि र संरचनासमेत संविधान र कानुनबाट निर्धारण गरिएको छ । कार्यपालिकीय र व्यवस्थापिकीय शक्ति तिनै तहमा विभाजन गरिए पनि न्यायपालिकीय शक्तिलाई तीन तहमा बाँडफाँट नगरी एकीकृत रूपमा अदालत वा न्यायिक निकायबाट प्रयोग गर्ने गरी संविधानमा व्यवस्था गरिएको छ । नेपालको संविधानमा उल्लेख भए अनुसार न्यायपालिकाको संरचना देहायबमोजिम रहेको छ :

- सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत गरी मूलतः तीन तहको अदालती संरचना रहने,
- नेपालमा एक सर्वोच्च अदालत, प्रत्येक प्रदेशमा एक उच्च अदालत र प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहने,
- सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने,
- सबै अदालत र न्यायिक निकाय सर्वोच्च अदालतको मातहतमा रहने,
- सर्वोच्च अदालत अभिलेख अदालतको रूपमा एवं संविधान र कानुनको अन्तिम व्याख्याताको रूपमा रहने,

गरी मूल्याङ्कन गर्न तहका अदालत सरचना रहने,

- नेपालमा एक सर्वोच्च अदालत, प्रत्येक प्रदेशमा एक उच्च अदालत र प्रत्येक जिल्लामा एक जिल्ला अदालत रहने,
- सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने,
- सबै अदालत र न्यायिक निकाय सर्वोच्च अदालतको मातहतमा रहने,
- सर्वोच्च अदालत अभिलेख अदालतको रूपमा एवं संविधान र कानुनको अन्तिम व्याख्याताको रूपमा रहने,
- सर्वोच्च अदालतमा प्रधान न्यायाधीशका अतिरिक्त बढीमा २० जना न्यायाधीश रहने,
- उच्च अदालतमा मुख्य न्यायाधीशका अतिरिक्त सङ्घीय कानुनमा व्यवस्था भएबमोजिमको सङ्ख्यामा न्यायाधीश रहने,
- प्रदेश कानुनबमोजिम स्थापित स्थानीय स्तरका न्यायिक निकाय जिल्ला अदालतको मातहतमा रहने,
- खास किसिम र प्रकृतिका मुद्दाहरूको कारबाही र किनारा गर्न सङ्घीय कानुनबमोजिम विशिष्टिकृत अदालत, न्यायिक निकाय वा न्यायाधीकरणको स्थापना गर्न सकिने ।

**संवैधानिक इजलासबाट हेरिने मुद्दा :**

- तहगत सरकारको क्षेत्राधिकार विवाद, गम्भीर संवैधानिक व्याख्याको प्रश्न जोडिएको विवादलगायतका संविधान कार्यान्वयनसम्बद्ध विवादमा न्याय निरूपण गर्न सर्वोच्च अदालतमा एक संवैधानिक इजलास रहने संवैधानिक व्यवस्था छ । नेपालको संविधानको धारा १३७ र सर्वोच्च अदालत -संवैधानिक इजलाश सञ्चालन) नियमावली, २०७२ अनुसार यस इजलासबाट हेरिने विषय देहायबमोजिम रहेका छन् :

**क) संविधानको धारा १३३ उपधारा -१) अन्तर्गतका निवेदन**

- मौलिक हकउपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारण संविधानसँग बाझिएको कानुन वा त्यसको कुनै भाग बदर घोषित गर्ने विषय,
- सङ्घीय कानुनसँग बाझिएका प्रादेशिक वा स्थानीय कानुन तथा प्रदेश कानुनसँग बाझिएका स्थानीय कानुन वा त्यस्ता कानूनको कुनै भाग बदर घोषित गर्ने विषय,

**ख) संविधानको धारा १३७ उपधारा -२) अन्तर्गतका मुद्दा**

- सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहबिचको अधिकार क्षेत्रको विषयमा सिर्जित विवाद निरूपण गर्ने विषय,
- सङ्घीय संसद् वा प्रदेश सभा सदस्यको निर्वाचनसम्बन्धी विवाद निरूपण गर्ने विषय,
- सङ्घीय संसद्का सदस्य वा प्रदेश सभाका सदस्यको

अयोग्यतासम्बन्धी विवाद निरूपण गर्ने विषय,

ग) **संविधानको धारा १३७ उपधारा –३) अन्तर्गतका मुद्दा**

- सर्वोच्च अदालतमा विचाराधीन कुनै मुद्दामा गम्भीर संवैधानिक व्याख्याको प्रश्न समावेश भएकोमा प्रधान न्यायाधीशले तोकी पठाएका विवाद निरूपण गर्ने विषय।
- अन्त्यमा संवैधानिक इजलासमा प्रधान न्यायाधीश र न्याय परिषद्को सिफारिसमा प्रधान न्यायाधीशले तोकेका अन्य चार जना न्यायाधीश रहन्छन् । न्याय परिषद्को अध्यक्षसमेत स्वयम् हुने भएकोले संवैधानिक इजलास गठनमा प्रधानन्यायाधीशको केन्द्रीय भूमिका रहन्छ । अन्तरसरकारी सम्बन्धमा उत्पन्न विवादको समाधान गर्दै सङ्घीय शासन प्रणालीलाई सुदृढ बनाउन संवैधानिक इजलासको भूमिका अत्यन्त महत्त्वपूर्ण मानिन्छ।

४. **स्वतः प्रकाशन भनेको के हो ? यसको महत्त्व उल्लेख गर्दै नेपालको प्रचलित कानुनबमोजिम सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नुपर्ने विषयको सूची तयार पार्नुहोस् ।**

✍ आफ्नो निकायसँग सम्बन्धित महत्त्वपूर्ण सूचना स्वयम् प्रेरित भई खुलासा गर्ने कार्यलाई स्वतः प्रकाशन भनिन्छ। स्वतः प्रकाशन अन्तर्गत सार्वजनिक निकायले आफूसँग भएका सार्वजनिक सरोकारका सूचना नियमित रूपमा आफैँ सार्वजनिक गर्छन्। स्वतः प्रकाशनलाई सूचनाको हकको महत्त्वपूर्ण सिद्धान्तको रूपमा स्वीकार गरिएको पाइन्छ। सार्वजनिक निकायले आफूसँग भएका सार्वजनिक सरोकारका सूचनाहरू नियमित प्रकाशन गरी सूचनामा नागरिकको सहज पहुँच दिलाउनु पर्छ भन्ने मान्यता रही आएको छ । माग पक्षको सक्रियतामा मात्र सूचना खुलासा गर्ने नभई आपूर्ति पक्ष स्वयम् सक्रिय भई सूचनाको अधिकतम खुलासा गर्नुपर्ने मान्यता स्थापित भइसकेको छ । नेपालमा सूचनाको हकसम्बन्धी ऐन र नियमावलीमा सार्वजनिक निकायले आफूसँग रहेका सूचना सूचीकृत गरी प्रकाशन गर्नुपर्ने भनी स्वतः प्रकाशन गर्नुपर्ने विषय उल्लेख गरेको पाइन्छ।

[illegible]

**स्वतः प्रकाशनको महत्त्व :**

- सार्वजनिक सरोकारको सूचनामा नागरिक पहुँच वृद्धि भई नागरिक सशक्तीकरणमा टेवा पुग्ने,
- सार्वजनिक सरोकारका विषयमा नागरिक चासो र सहभागिता वृद्धि हुने,
- सार्वजनिक निकायका कामकारबाही पारदर्शी र जवाफदेही हुने,
- भ्रष्टाचार र अनियमितता न्यूनीकरण भई सुशासन प्रवर्धन हुने,
- एउटै सूचना फरक फरक व्यक्तिले माग गर्ने र पटक पटक दिनुपर्ने अवस्था अन्त्य हुँदा समय र स्रोतको बचत हुने,
- सार्वजनिक निकायलाई आफ्ना कामकारबाही सिलसिलेवार रूपमा व्यवस्थित गरी राख्न सहयोग पुग्ने,
- सार्वजनिक सूचनाका आधारमा नीति विश्लेषण तथा अनुसन्धान कार्यमा सहयोग पुग्ने।

**सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नुपर्ने विषय**

**क) सूचनाको हकसम्बन्धी ऐनमा भएका विषय**

- निकायको स्वरूप र प्रकृति,
- निकायको काम, कर्तव्य र अधिकार,
- निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण,
- निकायबाट प्रदान गरिने सेवा,
- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,
- सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि,
- निर्णय गर्ने प्रक्रिया र अधिकारी, निर्णयउपर उजुरी सुन्ने अधिकारी, सम्पादन गरेको कामको विवरण,
- सूचना अधिकारी र प्रमुखको नाम र पद,
- ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,
- आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण।

**सार्वजनिक निकायले स्वतः प्रकाशन गर्नुपर्ने विषय**

**क) सूचनाको हकसम्बन्धी ऐनमा भएका विषय**

- निकायको स्वरूप र प्रकृति,
- निकायको काम, कर्तव्य र अधिकार,
- निकायमा रहने कर्मचारी सङ्ख्या र कार्य विवरण,
- निकायबाट प्रदान गरिने सेवा,
- सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी,
- सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि,
- निर्णय गर्ने प्रक्रिया र अधिकारी, निर्णयउपर उजुरी सुन्ने अधिकारी, सम्पादन गरेको कामको विवरण,
- सूचना अधिकारी र प्रमुखको नाम र पद,
- ऐन, नियम, विनियम वा निर्देशिकाको सूची,
- आम्दानी, खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण।

**ख) सूचनाको हकसम्बन्धी नियमावलीमा भएका थप विषय**

- अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण,
- सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण,
- सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौतासम्बन्धी विवरण,
- सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन,
- सार्वजनिक निकायले वर्गीकरण वा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचनाको संरक्षण गर्न तोकिएको समयावधि,
- सार्वजनिक निकायमा परेका सूचना मागसम्बन्धी निवेदन र सोउपर सूचना दिएको विषय,
- सार्वजनिक निकायका सूचना अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण।
- अन्त्यमा, स्वतः प्रकाशन सार्वजनिक निकायले आफ्ना सूचना स्वयम् सक्रिय भई नियमित रूपमा खुलासा गर्ने प्रक्रिया हो। यसले सूचनाको हकलाई व्यवहारमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउँछ। सार्वजनिक निकायका सूचनामा नागरिकलाई सहज पहुँच दिलाई नागरिक सशक्तीकरण, पारदर्शिता, जवाफदेहिता तथा सुशासन प्रवर्धनमा समेत स्वतः प्रकाशनले योगदान गर्छ। नेपालमा सुशासन र लोकतान्त्रिक मूल्यको प्रवर्धनका लागि सबै सार्वजनिक निकायले स्वतः प्रकाशनसम्बन्धी कानुनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिन्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**